# नेपाल मानव अधिकार संगठन
# Human Rights Organisation of Nepal

HURON

Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय– अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org


च.न. ०६१०८१

मितिः २०८१/०२/०४

**प्रदर्शनकारीहरुमाथि भएको अत्याधिक बल प्रयोगको घटनाप्रति संगठनको गम्भीर ध्यानाकर्षण**

अपाङ्गता भएका व्यक्तिहरुको अधिकारका लागि आन्दोलनमा रहेका अपाङ्गता भएका व्यक्तिहरुमाथि २०८१ जेठ २ गते सुरक्षाकर्मीहरुबाट अत्याधिक बल प्रयोग भई प्रदर्शनकारी घाइते भएको घटनाप्रति यस संगठनको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी ऐन २०७४, नियमावली २०७७ एवं नेपाल पक्ष राष्ट्र भएको अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ ले पूर्ण वा अति अशक्त अपाङ्गता भएका व्यक्तिहरको लागि सहयोगी वा संरक्षक उपलब्ध गराउने तथा राज्यका सेवा सुविधाहरुमा प्राथमिकता दिनुपर्ने लगायतका व्यवस्था गरेको छ । त्यस्तै, नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ लगायत राष्ट्रिय तथा अन्य अन्तर्राष्ट्रिय कानूनहरुले समेत शान्तिपूर्ण प्रदर्शन गर्न पाउने अधिकारको प्रत्याभूत गरेको छ ।

अतः तीनै तहका सरकारले समन्वय गरी अपाङ्गता भएका व्यक्तिहरु र नेपाल सरकार बिच यस अघि भएका सम्झौताहरुको कार्यान्वयनमा जोड दिन, घाइतेहरुको निःशुल्क र प्रभावकारी उपचार गर्न एवं शान्तिपूर्ण रुपमा प्रदर्शन गर्न पाउने नागरिकको अधिकारको सम्मान र संरक्षण गर्न संगठन नेपाल सरकारलाई आग्रह गर्दछ ।

**इन्द्र प्रसाद अर्याल**
**अध्यक्ष**